nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १३५ पृष्ठ ४ । आइतबार ०४ माघ २०८२ । SUNDAY, JANUARY 18, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैया

## छ महिनामा मधेस सरकारको बजेट खर्च ७.७१ प्रतिशतमै सीमित, पुँजीगत खर्च अत्यन्त कमजोर




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०३ माघ ।**

चालु आर्थिक वर्षको पहिलो छ महिनामा मधेस प्रदेश सरकारको बजेट खर्च अवस्था निराशाजनक देखिएको छ। कुल विनियोजित बजेटको खर्च अनुपात दुई अंकमा समेत पुग्न नसकेको तथ्यांकले प्रदेश सरकारको कार्यान्वयन क्षमता कमजोर रहेको देखाउँछ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार साउनदेखि पुससम्मको छ महिनाको अवधिमा चालु र पुँजीगत गरी कुल ३ अर्ब ६२ करोड ३५ लाख ५३ हजार रुपैयाँ मात्रै खर्च भएको छ, जुन कुल बजेटको ७.७१ प्रतिशत हो । यस अवधिमा सबैभन्दा बढी चालु खर्चतर्फ करिब २ अर्ब रुपैयाँ खर्च भएको छ भने पुँजीगततर्फ करिब १ अर्ब रुपैयाँ मात्र खर्च हुन सकेको छ। लेखा नियन्त्रक कार्यालयका लेखापाल मनोज झाका अनुसार छ महिनामा पुँजीगत खर्च कुल बजेटको ३.३६ प्रतिशत मात्रै पुगेको छ । चालु खर्चतर्फ भने कुल विनियोजनको १५.५८ प्रतिशत रकम खर्च भइसकेको छ । **छ मन्त्रालयको खर्च एक अंकमै सीमित** चालु आर्थिक वर्षको आधा समय बितिसक्दा पनि मधेस प्रदेशका छ वटा मन्त्रालयले आफ्नो बजेट खर्च दुई अंकमा पुर्‍याउन सकेका छैनन् । यी मन्त्रालयहरूले १ देखि ८ प्रतिशतसम्म मात्रै बजेट खर्च गर्न सकेका छन् । कम खर्च गर्ने मन्त्रालयहरूमा खेलकुद तथा समाज कल्याण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग मन्त्रालय रहेका छन् । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार उद्योग मन्त्रालयले ३.०२ प्रतिशत, कृषि मन्त्रालयले ६.४४ प्रतिशत, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ५.१५ प्रतिशत, भौतिक पूर्वाधार मन्त्रालयले ५.४६ प्रतिशत र खेलकुद मन्त्रालयले १.२० प्रतिशत मात्र बजेट खर्च गर्न सकेका छन् । **केही मन्त्रालयको खर्च तुलनात्मक रूपमा बढी** त्यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित केही मन्त्रालयको खर्च अनुपात भने तुलनात्मक रूपमा बढी देखिएको छ। मुख्यमन्त्री कार्यालयले छ महिनामा चालु र पुँजीगत गरी १७.०५ प्रतिशत बजेट खर्च गरिसकेको छ। सबैभन्दा बढी खर्च गर्ने मन्त्रालयमा अर्थ मन्त्रालय रहेको छ, जसले २१.३१ प्रतिशत बजेट खर्च गरेको छ। त्यसपछि श्रम मन्त्रालय (१८.७७ प्रतिशत), वन तथा वातावरण मन्त्रालय (१६.२० प्रतिशत), स्वास्थ्य मन्त्रालय (१२.३६ प्रतिशत) र शिक्षा मन्त्रालय (१०.२६ प्रतिशत) रहेका छन्। **कुल बजेट र खर्च अवस्था** मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि कुल ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ। यसमध्ये चालुतर्फ १६ अर्ब ७२ करोडभन्दा बढी र पुँजीगततर्फ ३० अर्ब २६ करोड रुपैयाँ छुट्याइएको छ । तर हालसम्म कुल बजेटमध्ये करिब ३ अर्ब ६२ करोड रुपैयाँ मात्रै खर्च भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार जेनजी आन्दोलन, प्रदेश सरकारभित्रको आन्तरिक विवादलगायत कारणले बजेट खर्च अपेक्षाअनुसार बढ्न नसकेको हो । यद्यपि अघिल्लो आर्थिक वर्षको यही अवधिमा भने खर्च अवस्था अझ कमजोर थियो, जहाँ कुल बजेटको ५.६१ प्रतिशत मात्रै खर्च भएको तथ्यांक छ।


## बारा जिल्लाका चारै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०३ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको तयारीस्वरूप बारा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । शुक्रबार एक कार्यक्रमका बीच विभिन्न स्थानमा कार्यालयहरू सञ्चालनमा ल्याइएको निर्वाचन कार्यालयले जनाएको छ। निर्वाचन आयोगले यसअघि नै बाराका चारै निर्वाचन क्षेत्रका लागि निर्वाचन अधिकृत तोकिसकेको थियो । तोकिएअनुसार क्षेत्र नं. १ मा शम्भुकुमार बस्नेत, क्षेत्र नं. २ मा किरणकुमार सिंह, क्षेत्र नं. ३ मा प्रकाश अधिकारी र क्षेत्र नं. ४ मा गम्भीर घिमिरे निर्वाचन अधिकृतको जिम्मेवारीमा रहेका छन् । जिल्ला अदालत बारा का न्यायाधीश प्रकाश अधिकारीलाई मुख्य निर्वाचन अधिकृतको जिम्मेवारीसमेत दिइएको छ। स्थापना गरिएका कार्यालयहरूमध्ये क्षेत्र नं. १ को कार्यालय कोल्हवी नगरपालिकामा, क्षेत्र नं. २ को महागढीमाई नगरपालिकामा, क्षेत्र नं. ३ को जिल्ला समन्वय समितिमा र क्षेत्र नं. ४ को राष्ट्रिय उखुबाली अनुसन्धान केन्द्रमा सञ्चालनमा आएको छ। कार्यालय स्थापना कार्यक्रममा बोल्दै क्षेत्र नं. ४ का निर्वाचन अधिकृत गम्भीर घिमिरेले स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउनु आफ्नो प्रमुख लक्ष्य रहेको बताए । उनले निर्वाचन प्रक्रियामा कुनै पनि राजनीतिक दलप्रति झुकाव नरहने स्पष्ट पार्दै माघ ६ गतेदेखि निर्वाचनसम्बन्धी औपचारिक कार्यक्रम सुरु हुने जानकारी दिए। पछिल्लो तथ्याङ्कअनुसार बारा जिल्लामा कुल मतदाताको संख्या ४ लाख ६५ हजार ७६५ पुगेको छ। निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै जिल्लामा निर्वाचनको तयारीले तीव्रता पाएको छ।

## बारा-४ मा पूर्वआईजीपी सर्वेन्द्र खनालले थाले चुनावी अभियान



**बीरगन्ज,०३ माघ ।**

कुनै बेला प्रहरी संगठनमा अब्बल प्रशासकको रूपमा ख्याति कमाएका पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल यतिबेला बारा-४ मा चुनावी माहौल बनाउन सक्रिय छन् । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बारा-४ बाट आफ्नो उम्मेदवारी निश्चित भएको उनको दाबी छ । निर्वाचनलाई लक्षित गरेर खनालले घर भाडा नै लिएर सिमरालाई बसोबासको केन्द्रबिन्दु बनाएका छन् । खनाल पछिल्लो ३ सातादेखि आफ्नो पक्षमा माहौल बनाउन क्षेत्र नं ४ का गाउँ, टोल, टोलमा पुगेर जेनजीहरुसँग भेटघाट र छलफल गर्दै आएका छन् । जीतपुरसिमरा वडा नं २२ अम्लेखगञ्जका रमेश लामाले खनालले जेनजीहरु भेटघाट र छलफल गरेको बताए । भेटघाटमा खनालले आफ्नो पार्टीले जेनजीहरुको प्रतिनिधित्व र मागलाई सम्बोधन गर्ने बताएको उनको भनाइ छ । यसअघि एमालेमा सक्रिय खनाल काठमाडौं-६ र तनहुँ-१ मा उठेर पराजित भएका थिए । २०७९ को निर्वाचनमा बारा ४ बाट उम्मेदवारी दिने तयारी गरेका खनालले अन्तिम समयमा उम्मेदवारी फिर्ता लिएका थिए ।पछिल्लो समय उनले आफ्नै अध्यक्षतामा 'समुन्नत नेपाल पार्टी' गठन गरेका छन् ।गृह जिल्ला तनहुँ छोडेर बारा-४ आउनुको कारणबारे रातोपाटीसँगको कुराकानीमा खनालले प्रहरी संगठनमा हुँदा बाराका जनताको धेरै सेवा गरेकोले यहाँका जनताले आफूलाई माया गर्ने दाबी गरे । 'प्रहरी संगठनमा लामो समय मैले यहाँका जनताको सेवा गरेर छु, मैले गरेको कामको सबैले मुल्याकंन र सम्मान गर्नुहुन्छ भन्ने मेरो अपेक्षा हो' खनालले भने ' उहाँहरूको अमूल्य मत खेर नजाओस् भन्ने मेरो भनाइ हो'जेनजीहरु भावना आम नागरिकको भावना भएकोले युवाहरुसँगको भेटघाटलाई प्राथमिकता दिएको खनालको भनाइ छ ।बारा ४ मा १ उप महानगरसहित सहित ४ वटा पालिका पर्दछ । यहाँ १ लाख ७ हजार मतदाता छन् । यसअघि २०७९ को प्रतिनिधिसभा निर्वाचनमा बारा ४ बाट गठबन्धन उम्मेदवार किसान श्रेष्ठको ३० हजार ३४१ र उनका निकटतम प्रतिस्पर्धी एमालेका एकवाल मियाँले २० हजार ३३६ ल्याएका थिए ।

## प्रभु अस्पतालको सहकार्यमा वीरगञ्जमा जेष्ठ नागरिकका लागि नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०३ माघ ।**

जेष्ठ नागरिकहरूको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले प्रभु अस्पतालको सक्रिय सहभागितामा आयोजित नि:शुल्क स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम आज सफलतापूर्वक सम्पन्न भएको छ। जेष्ठ नागरिक संघ, पर्सा (वीरगञ्ज) को आयोजनामा आज सम्पन्न उक्त कार्यक्रम संघका अध्यक्ष बैजनाथ प्रसाद कोइरीको अध्यक्षतामा सम्पन्न भएको हो । बिहान ९ बजेदेखि ११:३० बजेसम्म सञ्चालन भएको कार्यक्रममा ५० भन्दा बढी जेष्ठ नागरिकले विभिन्न स्वास्थ्य सेवा लिएका थिए । कार्यक्रममा प्रभु अस्पतालका अनुभवी चिकित्सकहरूको टोलीले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरेको थियो। डा. मनोज गुप्ता, डा. लक्ष्मी थापा र डा. विलय सुवेदीले जेष्ठ नागरिकहरूको स्वास्थ्य जाँच गरी आवश्यक सुझाव तथा परामर्श दिएका थिए । प्रभु अस्पतालले चिकित्सक, आवश्यक स्वास्थ्य सामग्री र परामर्श सेवा उपलब्ध गराएर कार्यक्रमलाई प्रभावकारी बनाएको आयोजक संस्थाले जनाएको छ। आयोजकका अनुसार जेष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण, रोगको समयमै पहिचान तथा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने लक्ष्यसहित प्रभु अस्पतालसँगको सहकार्यमा यस्ता कार्यक्रमलाई आगामी दिनहरूमा पनि निरन्तरता दिनेछ ।

## सप्तरीमा निर्वाचन प्रहरीका लागि झण्डै दोब्बर आवदेन

**जनकपुर,०३ माघ ।**

सप्तरी जिल्लामा निर्वाचन सुरक्षाका लागि खटाइने प्रहरी भर्नामा अपेक्षाभन्दा धेरै आवेदन परेको छ । जिल्लामा निर्धारण गरिएको कोटाभन्दा झण्डै दोब्बर संख्यामा आवेदन दर्ता भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्लामा निर्वाचन प्रहरी भर्नाका लागि पुस २५ गतेदेखि माघ १ गतेसम्म आवेदन आह्वान गरिएको थियो । सो अवधिमा नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी कुल ४ हजार २ सय २२ जनाको कोटा रहेकामा ७ हजार ४ सय ४४ जनाले आवेदन दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी डम्बरबहादुर पुरीले जानकारी दिए। आवेदन दिनेहरूमध्ये ६ हजार ५ जना पुरुष र १ हजार ४ सय ३९ जना महिला रहेका छन् ।

बाँकी तेश्रो पृष्ठमा⇨

राष्ट्रिय झण्डाको सम्मान गरौं।

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाईंदैनः**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**नेपाल पोष्ट डेलीका लागि**

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### टेलिकमको लापरबाही नियन्त्रण गर

नेपाल टेलिकमबाट उपभोक्ताका मोबाइल नम्बरका विवरण चुहिएर अनावश्यक एसएमएस र फोन कल प्रवाह निरन्तर दोहोरिरहनु नागरिकको गोपनीयता माथिको गम्भीर आक्रमण हो । पछिल्ला दिनहरूमा लाखौं प्रयोगकर्ताको मोबाइलमा राजनीतिक, व्यावसायिक र भडकला सन्देशहरू ठेलिनु सामान्य संयोग होइन, यो संस्थागत लापरबाहीको परिणाम हो । राज्यको स्वामित्वमा रहेको दूरसञ्चार संस्थाबाटै सूचना चुहिनु र त्यसप्रति सरकार मौन रहनु अत्यन्त चिन्ताजनक छ ।

नेपाल टेलिकमले एसएमएस, भ्वाइस कल, भिडियो म्यासेजजस्ता सेवा निजी कम्पनीहरू (भेन्डर) मार्फत उपलब्ध गराउँदै आएको छ। यो आर्थिक वर्षमै मात्रै ४५ वटा सेवा प्रदायक कम्पनीलाई यस्तो सेवा दिने स्वीकृति दिइएको छ । अपारदर्शी र हरेक वर्ष एकै कम्पनीहरूको रजगज हुनेगरी टेलिकमले सम्झौता गरिरहेको छ। ती कम्पनीहरूले टेलिकमको प्रणाली प्रयोग गरेर एकैपटक लाखौंदेखि करोडौं एसएमएस पठाउन सक्छन् । अझ गम्भीर कुरा के छ भने, कस्ता म्यासेज पठाउन पाइन्छ, कस्ता पाइँदैनन् भन्ने स्पष्ट मापदण्ड नै सम्झौतामा राखिएको छैन । यसको अर्थ पैसा तिरेपछि जसले जे चाह्यो, जस्तो चाह्यो, त्यस्तो म्यासेज नागरिकको मोबाइलमा पठाउन सक्छ । हालै 'एटी अर्लट', 'एसआई अर्लट', 'एमडी अर्लट'जस्ता नामबाट आएको राजनीतिक प्रकृतिको म्यासेजले यो प्रणाली कति असुरक्षित छ भन्ने देखाइसकेको छ । एक अभियन्ताले एकैपटक ५०-६० लाख नम्बरमा म्यासेज पठाएको र त्यसका लागि करिब एक करोड रुपैयाँ खर्च गरेको दाबी गरिएको छ । यस्ता म्यासेज टेलिकमकै गेटवे प्रयोग गरेर पठाइएका हुन् । जब टेलिकमको प्रणाली प्रयोग हुन्छ, शुल्क टेलिकमले उठाउँछ, धरौटीसमेत लिन्छ, तर गलत सन्देशको जिम्मेवारी लिन नमिल्ने तर्क गर्नु सरासर गैरजिम्मेवारी हो । तथ्यांकले झन् गम्भीर अवस्था देखाउँछ । टेलिकमको सूचनाअनुसार एसएमएस सेवामा प्रतिम्यासेज २० पैसादेखि ५० पैसासम्म शुल्क लिइन्छ । धरौटी भने मात्र १ लाख रुपैयाँ छ । यति सानो धरौटीमा करोडौं नागरिकको मोबाइल नम्बरमा पहुँच दिनु डेटा सुरक्षाको मजाक हो । नेपालमा करिब दुई करोडभन्दा बढी मोबाइल प्रयोगकर्ता छन्, जसमा ठूलो हिस्सा नेपाल टेलिकमका ग्राहक हुन् । उनीहरूको व्यक्तिगत नम्बर, शान्तिपूर्वक सूचना पाउने अधिकार र मानसिक सुरक्षाप्रति राज्य उदासीन देखिनु खतरनाक संकेत हो । यो विषय अनावश्यक म्यासेजको झन्झटमात्र होइन । बहुजाति, बहुसंस्कृति र संवेदनशील राजनीतिक परिवेश भएको देशमा भडकला, घृणात्मक वा विभाजनकारी सन्देश प्रवाह हुन थाले सामाजिक सद्भावमा कति गम्भीर असर पर्ला ? देशलाई नै अस्थिरतातर्फ धकेल्ने खालका सन्देश रोक्न नसक्नु राष्ट्रिय सुरक्षासँग पनि जोडिएको विषय हो । सरकार यसमा मौन बसिरहन मिल्दैन । टेलिकमको अध्यक्ष सञ्चार मन्त्रालयको सचिव हुने व्यवस्था छ । यसको अर्थ सञ्चारमन्त्रीले पनि यसमा प्रत्यक्ष/अपप्रत्यक्ष जिम्मेवारी लिनुपर्छ । नेपाल टेलिकम गैरजिम्मेवार बन्दै जाँदा सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले नियमन गर्नुपर्ने हो । तर मन्त्रालयको मौनताले टेलिकमको लापरबाहीलाई झनै बढावा दिएको छ । अपारदर्शी सम्झौता, विवादित खरिद प्रक्रिया र कमिसनमुखी संरचनाले टेलिकमको विश्वसनीयता खस्किँदै गएको छ। सञ्चार मन्त्रालयले यसबारे तत्काल नियमन गर्नु अपरिहार्य छ ।अब ढिलाइ गर्ने ठाउँ छैन । टेलिकमले तुरुन्तै एसएमएस र भास सेवामा कडा मापदण्ड लागू गर्नुपर्छ । कन्टेन्ट स्क्रिनिङ र रियल-टाइम नियमन प्रणाली स्थापना गर्न, दोषी सेवा प्रदायक कम्पनीको लाइसेन्स खारेज र कानुनी कारबाही गर्न र नागरिकलाई अप्ट-आउट (सहमति बिना म्यासेज नआउने) व्यवस्था लागू गर्नुपर्छ ।

# अबको चुनावी तालमेल कस्तो ?



**कमलदेव भट्टराई**

सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेस दुई चिरामा विभाजित भएपछि त्यसले आगामी चुनावी तालमेलमा समेत असर गर्ने देखिएको छ । निर्वाचन आयोगले विशेष महाधिवेशन आयोजना गर्ने गगन थापा समूहलाई आधिकारिक कांग्रेसको मान्यता दिएको छ । कांग्रेस विभाजनको असर चुनावी तालमेलमा मात्र होइन्, निर्वाचनपछिको सत्तासमीकरणमा समेत पर्नेछ। विशेषत २०७४ सालको निर्वाचनपछि तिनै तहमा प्रमुख दलहरूबीचमा चुनावी गठबन्धन तथा तालमेल भइरहेको छ । २०७४ सालमा एमाले र माओवादीबीच समीकरण हुँदा कांग्रेसले प्रत्यक्षमा २३ र समानुपातिकमा ४० गरी जम्मा ६३ सिट मात्र प्राप्त गरेको थियो, जुन प्रमुख प्रतिपक्षको हैसियत प्राप्त गर्नसमेत अपर्याप्त थियो ।

२०७९ को निर्वाचनमा माओवादीसँग तालमेल गरेर कांग्रेसले आफूलाई सबैभन्दा ठूलो दलका रूपमा स्थापित गऱ्यो तर एकपटक पनि सरकारको नेतृत्व भने गर्न पाएन । माओवादी र कांग्रेसको गठबन्धनकै बीचमा एमाले भने ८० सिटको हाराहारीमा दोस्रो प्रमुख दल बन्न सफल भयो । तर, ३२ सिट मात्र भएको नेकपा माओवादी सत्तासमीकरणमा जहिले पनि निर्णायक बन्यो । विगतको दुई निर्वाचनमा क्रमशः एमाले र कांग्रेससँग चुनावी गठबन्धन गरेर माओवादी तेस्रो दलका रूपमा रहिरहन सफल भयो। कांग्रेसमा विभाजन आउनुभन्दा अगाडि एक परिदृश्य थियो । पार्टीका युवा नेताहरूले नमाने पनि कांग्रेसको संस्थापन पक्ष एमालेसँग घोषित रूपमा चुनावी गठबन्धन गरेको घोषणा नगर्ने तर अन्तिममा चुनावी तालमेल गर्ने पक्षमा थियो। तर, नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालको भारत भ्रमणपछि गठबन्धनको सवालमा केही फेरबदलको संकेत देखिएको थियो । दाहालको भारत भ्रमणपछि कांग्रेस र माओवादीबीच चुनावी गठबन्धनको वार्ता सुरु भएको थियो । अब यो वार्ता तत्काललाई अगाडि बढ्ने देखिँदैन ।

तर, देउवा र ओलीबीच कांग्रेस र एमालेलाई किनारा लगाउन 'अदृश्य शक्ति' लागेका कारण त्यसलाई मिलेर सामना गर्ने र चुनावी गठबन्धन गर्ने सहमति भएको थियो । त्यसैले यतिबेला कांग्रेस विभाजनबाट सबैभन्दा बढी चिन्तित एमाले देखिन्छ । एमाले र देउवा दुवैले कांग्रेसको विभाजनलाई सहज र नियमित प्रक्रियाका रूपमा मात्र बुझेका छैनन्। ओलीले बिहीबार एक सार्वजनिक कार्यक्रममा भने, 'कांग्रेस पार्टीमा अहिले जे भएको छ, हाम्रो पार्टीमा त्यही गर्न खोजेका थिए ।' तर, कसले गर्न खोजिरहेको छ, उनले सार्वजनिक रूपमा भनेका छैनन् । कांग्रेस र एमालेभित्र विशेषतः नयाँ राजनीतिक दलहरूसँग प्रतिपर्स्धा गर्न दुई दल मिल्नुपर्ने मत बलियो हुँदै गएको थियो । कांग्रेसका नेताहरूको गगनकुमार थापा र विश्वप्रकाश शर्माप्रति निरन्तर विरोध थियो ।

अब कांग्रेस विभाजनपछि सम्भावित चुनावी तालमेल कस्तो होला ? गगनकुमार थापाको समूहले आधिकारिक कांग्रेसको मान्यता पाएका कारण अब एमालेसँग चुनावी तालमेल कठिन भएको छ । किनकि हालै सम्पन्न विशेष महाधिवेशनमा गगनकुमार थापाले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा निर्वाचनपूर्ण कुनै पनि चुनावी गठबन्धन नगर्ने प्रस्ताव पास गरेको छ। अन्य दलसँग चुनावी तालमेलको विषयमा नेपाली कांग्रेसमा लामो समयदेखि असन्तुष्टि रहँदै आएको थियो । अब देउवा पक्ष निर्वाचनमा सहभागी हुन पाउँछ कि पाउँदैन्, आयोगले केही बोलेको छैन। तर, भाग लिन पाएको खण्डमा सो समूहले एमालेसँग तालमेल चाहिँ गर्नेछ । आयोगको निर्णयपछि देउवा समूहले अब आफूहरूले राजनीतिक, वैधानिक सबै खालको लडाइँ लड्ने घोषणा गरेको छ । यद्यपि, विगतले के देखाउँछ भने तालमेलबिना पनि कांग्रेसका लागि निर्वाचन फलामको चिउरा बन्छ किनकि कांग्रेस केन्द्रेखि स्थानीय तहसम्म दुई चिरा भएको छ । तर, विगतको अनुभव र अहिलेको पार्टीको विभाजनले के देखाउँछ भने गठबन्धनबिना कांग्रेसले २०७४ सालको भन्दा बढी सिट ल्याउन कठिन छ । किनकि, एकातिर पार्टीमा माथिदेखि टोलसम्म विभाजन छ भने नयाँ राजनीतिक शक्तिहरू जबरजस्त रूपमा अगाडि बढिरहेका छन् । निर्वाचनको मिति नजिकिँदै गर्दा एमाले र कांग्रेसको गढ मानिएका क्षेत्रहरूमा समेत नयाँ राजनीतिक शक्तिले आफ्नो उपस्थिति बढाउँदै लगेका छन् । तर थापाको नेतृत्वको कांग्रेसले नयाँ शक्तिहरूलाई टक्कर दिनसक्ने विश्लेषण राजनीतिक वृत्तमा छ । साथै, हिजो विभिन्न कारणले कांग्रेस छोडेर अन्य राजनीतिक दलमा गएकहरू थापाको नेतृत्वपछि पार्टीमा फर्कने धेरैको अनुमान छ ।

उता नयाँ खुलेका राजनीतिक दलहरूबीच धमाधम एकता भइरहेको छ । केही नयाँ राजनीतिक दल, व्यक्ति र संस्था राष्ट्रिय स्वतन्त्र पार्टीको छातामुनि गोलबद्ध भएका छन् । अन्य केही नयाँ राजनीतिक दलहरूले पनि आफ्नो प्रभाव बढाइरहेका छन् । एकता नभए पनि नयाँ राजनीतिक दलहरूबीच चुनावी गठबन्धन हुने पक्का छ । यति मात्र होइन्, नयाँ राजनीतिक शक्तिहरूले प्रमुख राजनीतिक दलका प्रमुख नेतालाई निर्वाचन हराउने रणनीति बनाईसकेका छन् । झापामा केपी ओलीविरुद्ध बालेन लड्ने भएका छन् भने डडेलधुरामा देउवासँग सागर

बाँकी तेश्रो पृष्ठमा⇨

# दलहरूले सुधार गर्नुपर्ने कुरो

**सादेशमणि पोखरेल**

नेपाली राजनीतिका हरेक चाल तथा ताल बेगिला देखिन्छन् तर थेगिला छैनन् । चाहे २००७ सालदेखिको आन्दोलनको कर्म यही नै रह्यो । २००७ सालदेखि नै मुलुकले स्थिर सरकार खोजिरह्यो तर पूरा हुन सकेन । न त मुलुकले २००७ सालपछि दिल्लीमा सहमति भएअनुसारको भनिएको संविधानसभाको निर्वाचन नै गर्न सक्यो । जब मुलुकले २०१५ सालमा जननिर्वाचित सरकार पायो, तब जनतामा आशा जाग्न थाल्यो तर २०१७ को 'कू'ले सोही दूरदृष्टि लगभग अन्त्य भयो । तत्कालसम्म पनि विविध कालखण्ड हुँदै गुज्रेको मुलुकले न त स्थिर सरकार नै पाउन सक्यो न त विकासका गतिविधि क्रियाशील बन्न नै पाए ।

माथि उल्लेख भएका विधिहरू प्रजातान्त्रिक पद्धतिलाई संस्थागत गर्नका लागि गरिएका विन्दुहरू थिए। तर वर्तमानसम्म पनि नेपालमा प्रजातन्त्र वा लोकतन्त्र यथावत्मै र हिरह्यो । प्रजातन्त्र त्यो शक्तिशाली आयाम हो, जसमा निर्णय निर्माण प्रक्रिया तल हुँदै माथि तथा माथि हुँदै तल जाने पद्धतिको भयानक अभ्यास हुने हुन्छ । आधुनिक व्यवस्थापनका पिता पिटर एफ ड्रकरले सन १९५४ मा प्रकाशित पुस्तक व्यवस्थापनको अभ्यासमा उद्देश्यद्वारा प्रबन्धित प्रणाली (एमबीओ) को अवधारणा बारे व्याख्या गरेका छन्। व्यवस्थापन पद्धतिमा ड्रकरले यसलाई शुद्ध प्रजातन्त्रसँग लिने गरेको पाइन्छ, जसमा उद्देश्य केन्द्रित निर्णय निर्माणमा नेतृत्वको भूमिकादेखि व्यक्तिगत सक्षमता पनि जोडिएको छ । यो एक नेतृत्वदायी रणनैतिक रूपरेखासमेत हो जसमा प्रजातन्त्रका आधारभूत इकाइहरूलाई समेत दृष्टिगत गरी नेतृत्वको चयनमा जोडबल गरिन्छ । विश्वको इतिहासलाई केलाएर हेर्दा विश्वमा प्रजातन्त्रको संस्थागत विकास गर्ने दायित्व राजनैतिक दलहरूको हो । तर हाम्रो मुलुकमा प्रजातन्त्र र सोद्वारा सिर्जित विकासे माहोलले फड्को मार्न नसक्नुमा नेपाली राजनैतिक दलहरूको ठूलो भूमिका छ । यसैकारण भन्ने समेत गरिन्छ, नेपालका दलले न त प्रजातन्त्र मान्छन् न त विधिको शासन नै मान्छन् । यसका प्रशस्त उदाहरण नै छन् । यसै लेखको माध्यमद्वारा विधिको शासन तथा प्रजातन्त्रको पूर्ण प्रत्याभूतिका लागि जनताले जनताका लागि गरिने शासनमा समरूपी भावनाको विकासका लागि आग्रहसेत गरिन्छ । **दलदलमै दलहरू** भर्खरैमात्र नेपाली राजनैतिक माहोल फरक बन्न पुग्यो, महाधिवेशनको मेलोमा । नेकपा एमालेले समेत विगत केही समयअघि आफ्नो महाधिवेशन सकायो, बिना कुनै झन्झट र रोकावटसहित । यसमा बोल्न साहस गर्नेहरूलाई निकै पर पुऱ्याइयो, विगतका राजनैतिक त्यागका बलिदान बिर्सिएर। वर्तमानमा नेपाली कांग्रेसको विशेष महाधिवेशनले माहोल तातेको छ, बहुमतभन्दा बढी हस्ताक्षरको संकलनसहित महामन्त्रीहरू बेगिला बनेका छन् । तर अर्को पक्ष यसलाई डिस्मेन्टल गर्न उद्यत् छ । यसबाट समेत महसुस गर्न सकिन्छ कि, नेपाली दलहरूमा प्रजातन्त्रको खडेरी नै परेको छ । के रोक्ने तथा छेक्ने प्रजातन्त्रका तत्त्व हुन् त ?

**के प्रजातन्त्रको बटमलाइन निषेध हो त ?** विश्वव्यापी रूपमा प्रजातन्त्रका अप्रत्यक्ष उपजहरू भनेका नै दलहरू हुन्, जसमा दलीय हिसाबले निर्वाचित प्रतिनिधिहरू यसका वाहक हुन् । राजनीतिशास्त्रको एक अध्यायले यसलाई प्राकृतिक उद्भवसँग जोडेर व्याख्या गरेको पाइन्छ । यसको उदाहरणका रूपमा सामाजिक लोकतन्त्रलाई अभिन्न अवयव मान्ने बेलायतको लेवर तथा कन्जरभेटिभ पार्टी, कल्याणकारी राज्य प्रवृत्तिमा विश्वास गर्ने भारतका भारतीय राष्ट्रिय कांग्रेस र भारतीय जनता पार्टी, सामाजिकताको सिद्धान्तमा आधारित जर्मनको सोसल डेमोक्रेटिक पार्टीलगायत अन्य विश्वका राजनीतिक दलहरूले यस प्रणालीलाई संस्थागत गरेको पाइन्छ। यही हो लोकतान्त्रिक पद्धतिका सबल पक्षहरू । नेपाली सन्दर्भ फरक छ, एक त नेपाल अल्पविकसित मुलुक हो र सन् २०२६ मा विकासशील मुलुकको श्रेणीमा स्तरोन्नति हुने क्रममा छ । यहाँको राजनीतिक वातावरणमा कूटनीतिक प्रभाव रहनु स्वाभाविक हो, आर्थिक-सामाजिक सहयोगका हिसाबले । तर त्यो सामाजिक सिद्धान्त यहाँका वर्गीय असन्तुलनका पक्षमा जनमत खडा गरी चुनाव जित्नका हेतु राजनीतिमा होमिने नेतृत्वलाई भने उत्ति उत्तम मानिन्न । यसका लागि ढाँटेरै भए पनि महाधिवेशन तथा निर्वाचनमा बखेडा झिक्ने र चुनाव जित्ने नेकपा (एमाले) तथा नेपाली कांग्रेस, जसले म नै राज्य हुँ भन्ने भावना हालसम्म पनि विकास गरिरहेका छन्, यस्ता विषयवस्तु माथि शिक्षित जनताले अब निर्मम समीक्षा गर्नेछन् । जसको उदाहरण ह्विपमा चल्ने एमाले तथा परिवर्तनलाई स्वीकार गर्न नसक्ने कांग्रेसले हालसम्म पनि गरिरहेका छन् । तर भयको त्रासदी कांग्रेसभन्दा बढी एमालेमा देखियो जसमा चुइँक्क बोल्ने आँट कसैले गर्न सकेन भने कांग्रेसले नेतृत्व पंक्तिलाई त्राहिमाम गर्न लगभग सफल नै भयो ।

वर्तमानमा नेपालको प्रजातान्त्रिक दल नेपाली कांग्रेस कि गर् कि मर् को अवस्थामा छ। दलमा दण्डहीनता र असमान नियुक्तिहरू बढेका बढ्यैछन् । तैपनि यथास्थितिवादी नेपाली कांग्रेसको नेतृत्व तथा सम्मानित टीकाधारी पाँच, छ भाइ भने अलइज वेलको अवस्थामै रहेका छन्, टीकाकै प्रतीक्षामा । कांग्रेसीहरूको भावनात्मक वेग वर्तमान नेतृत्वप्रति ज्यादै नकारात्मक देखिएको छ । भिड आक्रोशित देखिन्छ । जेन-जी विद्रोहपछि भौतिक कारबाहीमा परेका शेरबहादुर देउवाको वर्तमानमा नेतृत्वको कुर्सी छाड्ने कुनै पनि लक्षण देखिएको छैन । ६० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूको भावनालाई लत्याउने कस्तो प्रजातन्त्रमा **बाँचिरहेका छन् शेरबहादुर देउवा ?**

उता एमाले पनि यसका बारेमा पनि अछुतो छैन । एमालेमा देखाउने

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ग्रीनल्याण्ड राष्ट्रिय सुरक्षाका लागि महत्वपूर्ण : ट्रम्प

*काठमाडौं, ०३ माघ ।*



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रीनल्याण्डको विषयमा अमेरिका समर्थक नहुने देशहरूविरुद्ध आर्थिक शुल्क लगाउन सकिने संकेत दिएका छन् । यो टिप्पणी त्यतिबेला सार्वजनिक भएको हो, जब दुई पार्टीका अमेरिकी संसद सदस्यहरू डेनमार्कको राजधानीमा सम्बन्ध सुधार र संवादलाई प्रवर्द्धन गर्न पुगेका थिए । ट्रम्पले लामो समयदेखि अमेरिका ग्रीनल्याण्डको नियन्त्रणमा रहन आवश्यक रहेको विषयमा जोड दिएका छन् । यसै सन्दर्भमा, उनले यस हप्ता स्पष्ट रूपमा भने आर्कटिकको उक्त टापु अमेरिकी नियन्त्रणमा नहुँदा 'स्वीकार्य छैन ।' ह्वाइट हाउसमा ग्रामीण स्वास्थ्य सम्बन्धी कार्यक्रममा उनले भने, 'ग्रीनल्याण्डको मामिलामा पनि हामी आवश्यक कदम चाल्न सक्ने अवस्था छ । यदि देशहरूले सहयोग गरेनन् भने आर्थिक शुल्क लगाउने विकल्पमा विचार गर्न सकिन्छ । राष्ट्रिय सुरक्षाका दृष्टिले ग्रीनल्याण्ड महत्वपूर्ण छ ।' यसै हप्ता डेनमार्क र ग्रीनल्याण्डका विदेश मन्त्रीहरूले अमेरिकी उपराष्ट्रपति र विदेशमन्त्रीसँग भेट गरी विचार विमर्श गरेका थिए । सो भेटले केही मतभेदहरू समाधान गर्न भने सकेन, तर एक कार्यसमूह स्थापना गर्ने सहमति जुटेको छ । युरोपेली नेताहरूले बारम्बार भनेका छन् कि ग्रीनल्याण्डसम्बन्धी निर्णय डेनमार्क र ग्रीनल्याण्डकै अधिकार क्षेत्रभित्र पर्छ । यसैबीच, डेनमार्कले ग्रीनल्याण्डमा आफ्नो सुरक्षा उपस्थितिलाई सहयोगी मुलुकहरूसँग मिलेर बढाउँदै आएको छ । **सम्बन्धलाई सुदृढ बनाउनु आवश्यक** कपनहेगनमा अमेरिकी संसद सदस्यहरूले डेनमार्क र ग्रीनल्याण्डका सांसदहरूसँग भेटेर विचार विमर्श गरे । डेलावेयरका सिनेटर क्रिस कून्सले २२५ वर्ष लामो मित्रता र साझेदारीको लागि आभार व्यक्त गर्दै भने, 'हामीले भविष्यमा सम्बन्धलाई कसरी बलियो बनाउने भन्ने विषयमा विस्तृत र सकारात्मक संवाद गरेका छौं ।' अलास्काका सिनेटर लिसा मर्कोव्स्कीले भने, 'ग्रीनल्याण्डलाई हाम्रो मित्र र सहयोगीको रूपमा हेर्नुपर्छ, कुनै सम्पत्ति वा वस्तुको रूपमा होइन । यही दृष्टिकोणले सम्बन्धलाई दीर्घकालीन र सम्मानजनक बनाउँछ ।' ट्रम्पले चीन र रसियाले ग्रिनल्याण्डमा आफ्नो प्रभाव विस्तार गर्ने सम्भावना उल्लेख गर्दै, अमेरिकाका दृष्टिले सो टापु रणनीतिक दृष्टिले महत्वपूर्ण रहेको बताएका छन् । ग्रिनल्याण्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सेनले भने, 'यदि हालको परिस्थितिमा अमेरिका र डेनमार्कबीच छनोट गर्नुपरे, हामी डेनमार्क, नाटो र युरोपेली सङ्घसँगको सम्बन्धलाई प्राथमिकता दिनेछौं ।' ग्रीनल्याण्डको इनुइट पार्टी षद्की अध्यक्ष सारा ओल्सभिगले भने, 'विश्वको ठूलो शक्तिशाली देशले अल्पसंख्यक समुदायलाई कसरी हेर्छ भन्ने विषयमा यसले सन्देश दिन्छ । हामीले यसलाई सम्मान र संवेदनशीलतापूर्वक सम्बोधन गर्न आवश्यक छ ।'

## गाजामा बालबालिकाको शिक्षा सुनिश्चित गर्न सहयोग बढाऊँ : संयुक्त राष्ट्र



*काठमाडौं, ०३ माघ ।*

संयुक्त राष्ट्र र गाजामा काम गर्ने सहयोगी संस्थाहरूले विद्यालय सामग्रीमा लागेको प्रतिबन्ध हटाएर बढी बालबालिकाले सहज रूपमा शिक्षा पाउन सकून् भनी आग्रह गरेका छन् । मानवतावादी निकायले शुक्रबार यस सम्बन्धमा आफ्नो चिन्ता सार्वजनिक गरेको हो । यसमा मानवतावादी समन्वय कार्यालयले बालबालिकालाई विद्यालयमा फर्काउने र जाडो मौसमका कारण पिडित भएका मानिसलाई सहयोग गर्ने उद्देश्यले साझेदारहरूसँग मिलेर काम गरिरहेको जनाएको छ । कार्यालयका अनुसार हाल गाजामा ४४० भन्दा बढी शिक्षण स्थल सञ्चालनमा छन् । यसै महिनामा गाजाका १० अस्थायी शिक्षण स्थलहरू पनि मर्मत गरिएको छ । जाडो मौसमका कारण आश्रय गुमाएका परिवारहरूलाई सहयोग गर्न कार्यालयले २०० भन्दा बढी टेन्ट, हजारौं कम्बल, तातो कपडा, खाना पकाउने भाँडाकुँडा र सौर्य बत्ती वितरण गरेको छ ।

यद्यपि, गाजामा अझै १० लाखभन्दा बढी मानिसलाई तुरुन्तै आश्रय सहयोग र दीर्घकालीन समाधान आवश्यक छ । यसमा क्षतिग्रस्त घरहरूको मर्मत र आपतकालीन आश्रय सामग्री उपलब्ध गराउने कुरा समावेश छ ।

## चीनको व्यावसायिक रकेट कार्यक्रम अगाडि बढ्दै



*काठमाडौं, ०३ माघ ।*

चीनको 'लङ मार्च-१२बी' रकेटले शुक्रबार दिउँसो पर‍ीक्षण सफलतापूर्वक सम्पन्न गरेको छ । यो परीक्षणलाई आगामी उडान मिसनहरूतर्फको महत्वपूर्ण चरणका रूपमा हेरिएको रकेट विकासकर्ताले जनाएको छ । उत्तरपश्चिम चीनस्थित डोङफङ व्यावसायिक अन्तरिक्ष नवप्रवर्तन पाइलट क्षेत्रमा सम्पन्न यस परीक्षणले रकेट प्रणालीको कार्यक्षमता र स्थायित्व प्रमाणित गरेको छ ।चाइना एयर स्पेस साइन्स एन्ड टेक्नोलोजी कर्पोरेसनअन्तर्गतको व्यावसायिक रकेट निर्माण कम्पनीद्वारा विकसित 'लङ मार्च-१२बी' नयाँ पुस्ताको पुनःप्रयोगयोग्य रकेट हो । यो रकेट विशेष गरी व्यावसायिक न्यून-पृथ्वी कक्ष (लो अर्थ अर्बिट) का उपग्रह समूह तैनाथ गर्न डिजाइन गरिएको हो । यस रकेटमा पृथ्वीनजिकको कक्षमा २० टनसम्म पेलोड बोक्ने क्षमता रहेको छ । कम्पनीका अनुसार फायरिङ परीक्षणले रकेटको डिजाइनको सम्भाव्यता र विश्वसनीयता पूर्ण रूपमा पुष्टि गरेको छ, जसले आगामी उडान परीक्षणका लागि बलियो आधार तयार गरेको छ ।

## अबको चुनावी ताल....

ढकाल लड्ने छन् । प्रचण्डले जहाँबाट उम्मेदवारी दिए पनि उनलाई हराउनका लागि सबै राजनीतिक दलहरू एक हुनेछन् । यसलाई सामना गर्ने एउटै बाटो प्रमुख दलहरूबीचको एकता भएको एमालेको बुझाइ छ । तर, निर्वाचनको जटिलता कायम नै छ । किनकि, अब शेरबहादुर समूह निर्वाचन आयोगको फैसलाविरुद्ध सर्वोच्च अदालतमा जाने छ । सो समूहले यस अगाडि नै सडक आन्दोलन गर्ने घोषणा गरिसकेको छ । त्यो पक्षले मुद्दाको किनारा नलाग्दासम्म निर्वाचन सार्नका लागि माग गर्न सक्छ । यस्तो अवस्थामा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालले कस्तो पोजिसन लिन्छन्, त्यो निकै महत्वपूर्ण हुन्छ । माघ ६ गते अगाडि आयोगले त निर्णय दिन सक्ला तथा अदालती प्रक्रियाचाहिँ लामो हुन सक्छ । राजनीति सहज वातावरणमा अगाडि जानका लागि दुवै खेमा निर्वाचनमा जाने वातावरण बनाउनुपर्ने हुन्छ । यसैबीच फागुन २१ मै निर्वाचन हुने भयो भने ओलीले पुष्पकमल दाहालसँग सहकार्यको हात अगाडि बढाउन सक्छन् । पछिल्लोपटक माधवकुमार नेपालले गायत केही साना कम्युनिस्ट पार्टीलाई मिलाएर नेपाली कम्युनिस्ट पार्टी निर्माण गरेका छन् । दुई दलबीच त्यति सौहार्द्र सम्बन्ध नभए पनि बाध्यात्मक अवस्थामा दुई दलले तालमेल गर्ने सम्भावना प्रबल छ । किनभने नयाँ राजनीतिक दलको राप र तापका कारण दुवै पार्टीका शीर्ष नेताहरूको जित कठिन बनिरहेको छ । यसले अब वाम गठबन्धनको विषयसमेत पुनर्जीवित हुनेछ । शीर्ष दलहरू यतिबेला आफ्नो जित सुनिश्चित गर्नका लागि जस्तोसुकै विकल्पमा पनि जानका लागि तयार भइसकेका छन् । साभार अन्नपूर्णपोस्ट ।

## दलहरूले सुधार.........

लोकतन्त्र तथा प्रजातन्त्रका ठूलै ठूली छन् र नेतृत्वसमु बोल्ने भनेर देखाउने लोकतन्त्रको किताबै लेख्न सक्ने भन्नु ठूला ठेली छन् । कुरा गर्न मात्र सीमित ठेलीको कुनै महत्त्व स्वीकार हुँदैन लोकतन्त्रमा । यसका निम्ति अभ्यास आवश्यक हुन्छ । तर जनता र आम कार्यकर्ताले महसुस गर्ने आन्तरिक लोकतन्त्र एमालेमा शून्य छ । उमेर हदलाई ७० बाट बढोत्तरी गरी मृत्युपर्यन्त बनाउने, एमालेजनकै प्रियपात्र प्रदीप ज्ञवालीलाई केवल केन्द्रीय सदस्यमा खुम्च्याएर राख्न पाउँदा एमाले आफूलाई गर्विलो इतिहास बोकेको ठान्छ । के वाकशक्तिको परीक्षण गर्न नपाउने प्रजातन्त्र तथा लोकतन्त्रको विधि हो त ? **निर्धारित आधार विन्दुहरू** माथि उल्लेख भएअनुसार का विधि तथा प्रक्रिया यसै लेखको माथि नै उल्लेख भए अनुसार का एमबीओका प्रक्रिया नेपाली कांग्रेस तथा नेकपा एमालेले स्पष्ट रूपमा नमानेको देखिन्छ । साभार अन्नपूर्णपोस्ट ।

## जनमत पार्टीको............

छ । बैठकले बसन्तकुमार कुशवाहाको संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गरेको छ । यस्तै, महाधिवेशनका क्रममा हुने निर्वाचन प्रक्रिया सञ्चालनका लागि नरेन्द्रप्रसाद चौधरीलाई निर्वाचन समितिको जिम्मेवारी दिइएको छ । पार्टीको विधान संशोधन तथा राजनीतिक प्रतिवेदन तयारीको जिम्मेवारी सञ्जयकुमार यादवलाई दिइएको छ । पार्टीका अनुसार महाधिवेशनमार्फत नेतृत्व चयन, संगठनात्मक संरचना सुदृढीकरण र आगामी राजनीतिक कार्यदिशाबारे छलफल तथा निर्णय गरिनेछ ।

## सप्तरीमा निर्वाचन.......

निर्वाचन प्रहरी छनोट प्रक्रिया माघ ५ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने र माघ १२ गते अन्तिम नतिजा सार्वजनिक गरिने कार्यतालिका छ । छनोट भएका प्रहरीका लागि माघ १५ गतेदेखि २४ गतेसम्म तालिम सञ्चालन गरिने जनाइएको छ । सरकारले आगामी प्रतिनिधिसभा निर्वाचनका लागि खटिने निर्वाचन प्रहरीलाई प्रहरी जवान सरहको सेवा-सुविधा उपलब्ध गराउने जनाएको छ । निर्वाचन सुरक्षामा खटिने प्रहरीलाई प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले पारिश्रमिक दिइने व्यवस्था गरिएको छ ।

# स्वास्थ्य

## गर्भावस्थामा किन बढ्छ अमिलोको तिर्सना ?




आलुमा तीलको छोप र खेर कागतीको रस हालेको अमिलो अचार । दही र रायो हालेर साँधेको भोगटे । यस्तो परिकार देखेपछि मात्र होइन, कल्पना गर्दा पनि मुखमा पानी आउँछ । मुखै रसाउने अमिलो परिकार कुन बेला अत्याधिक खान मनलाग्छ ? पक्कै पनि गर्भवस्थामा यस्ता खानेकुराको चाहना तीव्र हुन्छ । कसै-कसैलाई त यति तिर्सना बढ्छ कि भनेको बेला तुरुन्तै खान पाएनन् भने बेचैनी र मुड नै स्विङ नै पनि हुनसक्छ । के तपाईंले सोच्नुभएको छ, यो मात्रै गर्भावस्थाको मनको इच्छा हो वा यसको पछाडि वैज्ञानिक कारण पनि छन् ? गर्भावस्थामा अमिलो खानेकुर प्रति आकर्षण हुनु मनको इच्छा मात्र नभएर केही वैज्ञानिक कारणहरू छन्, जसले यो प्रक्रियालाई प्रभावित गर्छन् । यही कारणले गर्दा नै मनले पनि इच्छा गर्ने हो । पहिले त गर्भावस्था यस्तो अवस्था हो, जहाँ शरीरमा शारीरिक, हर्मोनल र मनोवैज्ञानिक परिवर्तनहरू तीव्र गतिमा हुन्छन् । यी परिवर्तनहरूले खानपानको स्वाद, गन्ध र प्राथमिकतामा ठूलो प्रभाव पार्छ ।

**गर्भावस्थामा स्विस बल व्यायाम गर्दा नर्मल डेलिभरीको सम्भावना बढ्छ ?**

विशेषगरी, अमिलो खानेकुराको तीव्र इच्छा पहिलो त्रैमासिक (पहिलो तीन महिना) मा बढी हुन्छ, यद्यपि यो गर्भावस्थाको कुनै पनि समयमा हुन सक्छ । अमिलो मात्र नभई गुलियो वा मसालेदार खानेकुराप्रति विशेष आकर्षण देखिनु सामान्य हो ।

**हर्मोनल परिवर्तन** गर्भावस्थामा इस्ट्रोजेन र प्रोजेस्टेरोन हर्मोनको स्तरमा हुने असन्तुलनले स्वाद र गन्धको संवेदनशीलतालाई प्रभावित गर्छन् ।

अमिलो खानेकुराको तीखो र ताजा स्वादको कल्पनाले मात्र नै स्वाद ग्रन्थीहरूलाई उत्तेजित गर्छ, जसले गर्भवती महिलालाई यस्ता खानेकुरा खान मन लाग्छ । अमिलो मात्र होइन, हर्मोन असन्तुलनका कारण कोहीलाई गुलियो र पिरोको पनि तिर्सना बढ्न सक्छ । र, एकपटक खाँदा धित नमर्ने र खाइरहुँ जस्तो बनाउन सक्छ । **मस्तिष्कको रसायनिक प्रतिक्रिया** अमिलो स्वादले मस्तिष्कमा सेरोटोनिन र डोपामिन जस्ता रसायनहरूको उत्पादनलाई उत्तेजित गर्छ । गर्भावस्थामा हर्मोनल उतारचढावले यस्ता रसायनहरूको संवेदनशीलता बढाउँछ । फलस्वरूप, अमिलो खानेकुराप्रति चाहना गराउँछ । यो बेला भनेको समयमा अमिलो खानेकुरा खान मात्र पाए भने पनि गर्भवती महिलाहरूलाई तत्कालै खुसी र स्फूर्तिको अनुभव हुन्छ । किनकी, यी हर्मोनले सन्तुष्टि र आनन्दको अनुभव गराउँछ ।

**पाचन प्रणालीमा परिवर्तन** विशेषगरी पहिलो त्रैमासिकमा प्रोजेस्टेरोन हर्मोनले पाचन प्रक्रियालाई सुस्त बनाउँछ । यसले अपच, ग्यास, अम्लपित्त र वाकवाकी जस्ता समस्याहरू निम्त्याउँछ, अमिलो खानेकुराले लार उत्पादनलाई उत्तेजित गर्छ, जसले पाचन प्रक्रियालाई सहज बनाउँछ । साथै, अमिलो स्वादले मुखको स्वाद परिवर्तन गर्छ । वाकवाकीको अनुभवलाई पनि कम गर्छ । उदाहरणका लागि, कागतीको रस वा इमलीको स्वादले गर्भवती महिलालाई ताजा र हल्का महसुस गराउँछ । **पोषक तत्वको आवश्यकता र शरीरको संकेत** गर्भावस्थामा शरीरलाई भिटामिन सी, फोलिक एसिड र अन्य सूक्ष्म पोषक तत्वहरूको आवश्यकता बढ्छ । अमिलो खानेकुरा जस्तै कागती, सुन्तला, अमला, भिटामिन सीको प्राकृतिक स्रोत हुन् ।

भिटामिन सीले रोग प्रतिरोधात्मक क्षमता बलियो बनाएर आइरनको अवशोषणमा सहयोग गर्छ, जुन गर्भावस्थामा रक्तअल्पताबाट बच्न महत्वपूर्ण हुन्छ ।


निर्धारित मापदण्डको पालना गरौं, नक्सा पास गरी निर्माण कार्य गरौं ।

परवानीपुर गाउँपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।

करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दबासिनी, पर्सा

# सिट बाँडफाँटका लागि सङ्घीय लोकतान्त्रिक मोर्चाका तीन मोडालिटी



**काठमाडौं,०३ माघ ।** फागुन २१ गते हुने चुनावका लागि टिकट वितरण तथा सिट बाँडफाँटका लागि मधेस केन्द्रित दलहरूको सङ्घीय लोकतान्त्रिक मोर्चा दबाबमा परेको छ । मोर्चामा कुन दलले कति सिट पाउने र कहाँ कहाँ पाउने टुङ्गो नलागे पछि मोर्चा दबाबमा परेको हो । चुनावमा सिट बाँडफाँट गर्ने सहमति यसअघि नै भए पनि हालसम्म मोर्चामा सहमति बन्न सकेको छैन । मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, डा.सिके राउत नेतृत्वको जनमत पार्टी र रेसम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल रहेका छन् । यी दलका बिचमा चुनावमा तालमेल हुने सहमति भएको छ । राष्ट्रिय मुक्ति पार्टी नेपाल र जनमत पार्टीका नेताका अनुसार जसपा नेपालका कारण सिट बाँडफाँटमा ढिलाइ भइरहेको छ । हालै जसपा नेपाल, लोसपा नेपाल, जनता प्रगतिशील पार्टी नेपाल र तमलोपाबिच एकता भएको छ । राष्ट्रिय मुक्ति पार्टीका महासचिव सन्तोष मेहताले मोर्चामा हालसम्म कुनै सहमति नबनेको बताए । उनले चुनाव केन्द्रित दुई वटा बैठक बसिसके पनि त्यसमा कुनै सहमति नभएको बताए । ‘खासगरी अरू दलहरूले आ-आफ्नो तयारी गरिसकेका छन् । जसपा नेपालबाट नै ढिलाइ भइरहेको छ । जसपा नेपालले भर्खर एकता सम्पन्न गरेको छ । सो पार्टीले सिट मिलाएर मात्र मोर्चासँग कुरा गर्ने भनेका कारण ढिलाइ भइरहेको जस्तो लागेको छ’ उनले भने । जसपा नेपालका नेता रामकुमार शर्माले भने मोर्चाका शीर्ष नेताहरू आन्तरिक छलफलमा रहेकाले चाँडै सहमति हुने बताए । उनले भने, ‘मोर्चामा रहेका दलका अध्यक्षहरू छलफलमा हुनुहुन्छ, भोलि पर्सिसम्म सिटको टुङ्गो लाग्छ ।’अर्को एक स्रोतले भने सिट बाँडफाँटबारे तीन वटा मोडालिटीमा कुराकानी भइरहेको बताएको छ । श्रोतले भन्यो, ‘तीन वटा मोडालिटीमा कुरा भइरहेको छ । पहिलो, मोर्चामा रहेका शीर्ष नेताहरूलाई जसरी पनि चुनाव जिताउने । दोस्रो, चुनाव जित्ने हरेक नेताहरूलाई जिताउन पहल गर्ने र तेस्रो, जहाँ कुरा मिल्दैन त्यहाँ मित्रवत् प्रतिस्पर्धा गर्ने ।’ हरेक क्षेत्रमा हरेक सिटमा तालमेल हुने सम्भावना पनि निकै कम भएको आकलन मोर्चाले गरेको छ । ‘जहाँ जहाँ तालमेल हुन्छ त्यहाँ तालमेल गर्ने, जित्नेलाई सहयोग गर्ने, तालमेल नहुने ठाउँमा मित्रवत् प्रतिस्पर्धा गर्ने विषयमा नै सहमति गरेर जाने सम्भावना बढी छ’ स्रोतको भनाइ छ । जनमत पार्टीका उपाध्यक्ष ई.नरेन्द्रप्रसाद चौधरीले मोर्चामा सहमतिका लागि प्रयास भइरहेको र चाँडै परिणाम आउने बताए । उनले भने, ‘समय नजिक आएको कारण दलहरूमा प्रेसर बढेको छ तर शीर्ष नेताहरू त्यसका लागि आन्तरिक रूपमा छलफलमा हुनुहुन्छ । विश्वास गरौं चाँडै केही निष्कर्ष आउँछ ।’ प्रतिनिधिसभा चुनावका लागि माघ ६ गते उम्मेदवारी दिने निर्वाचन तालिका रहेको छ ।

# सिन्धुली बैंक डकैती प्रकरण: योजनाकारसहित सात जना पक्राउ, २ करोड ६६ लाखभन्दा बढी रकम बरामद




**काठमाडौं,०३ माघ ।** सिन्धुलीको घ्याङलेख गाउँपालिका-२ हायुटारस्थित नेपाल एसबिआई बैंक शाखामा भएको डकैती प्रकरणमा संलग्न सात जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले घटनामा प्रयोग भएका साधनसामग्रीसहित करिब २ करोड ६६ लाख रुपैयाँभन्दा बढी रकम बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुलीले आयोजित पत्रकार सम्मेलनमा जनाएको छ कि गत पुस २९ गते साँझ करिब ७:३० बजे योजनाबद्ध रूपमा बैंकभित्र प्रवेश गरेको डकैत समूहले सुरक्षा गार्ड र कर्मचारीलाई नियन्त्रणमा लिएर करिब ३ करोड ७ लाख रुपैयाँ लुटेको थियो । डकैतहरूले खुकुरी देखाएर कर्मचारीलाई धम्क्याएका र हातखुट्टा बाँधेका थिए । प्रतिकारको प्रयास गर्दा सुरक्षा गार्डमाथि खुकुरी प्रहारसमेत गरिएको थियो, जसबाट उनी सामान्य घाइते भएका थिए । घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय बस्तीपुरबाट खटिएको टोली घटनास्थल पुगेको थियो । घटनास्थलबाट करिब सात किलोमिटर पूर्व लिपिखोलामा टाटा सुमो र चालक भगवत सिंह थापा फेला परे । प्रारम्भिक सोधपुछमा चालकले बनेपाबाट सवारी साधन रिजर्भ भएको बताए । त्यसै राति जंगलमा लुकाइएका बोरा र झोलाभित्र १ करोड ५० लाखभन्दा बढी नगद बरामद गरिएको थियो । थप चार जनालाई पक्राउ गरेर उनीहरूको बयान अनुसार अन्य लुकाइएका रकमसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

अनुसन्धानबाट स्थानीय छविलाल स्याङ्तान र चतुरमान बज्जु घटनाका मुख्य योजनाकार रहेको खुलेको छ । छविलाल धरानबाट पक्राउ परेका थिए भने चतुरमान घ्याङलेख-२ को जंगल क्षेत्रमा लुकिछिपी बसेको अवस्थामा नियन्त्रणमा लिइएको छ । पक्राउ परेकाहरूमा काभ्रेपलाञ्चोकका भगवत सिंह थापा, सिन्धुली घ्याङलेख-२ का छविलाल स्याङ्तान र चतुरमान बज्जु, चितवन भरतपुरका शशांक श्रेष्ठ, नुवाकोटका मिलन गिरी, विवेक मगर र एक १६ वर्षे नाबालक छन् । प्रहरीले हालसम्म दुई थान खुकुरी, एक नक्कली प्लास्टिक पेस्तोल, पाँच मोबाइल, नकाब र अन्य सामग्री पनि बरामद गरेको छ । पक्राउ परेकाहरूविरुद्ध चोरी तथा डाँका सम्बन्धी कसूरमा म्याद थप गरी अनुसन्धान जारी रहेको छ । घटनापछि जिल्लाभर सुरक्षा सतर्कता कडा गरिएको प्रहरीले जनाएको छ ।

# महोत्तरीमा ४ लाख ३१ हजार मतदाता कायम




**जनकपुर,०३ माघ ।** जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गरेको छ । उक्त कार्यालयका अनुसार जिल्लामा चार लाख ३१ हजार २८२ जना मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले चार वटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा निर्वाचन क्षेत्र नम्बर १ मा ५६ हजार २२२ पुरुष, ४९ हजार ४२२ महिला र अन्य दुई जना गरी जम्मा मतदाता सङ्ख्या एक लाख पाँच हजार ६४६ जना कायम भएको जानकारी दिइन् । यसैगरी, निर्वाचन क्षेत्र नं २ मा ५८ हजार ८६१ पुरुष र ४८ हजार ७३३ महिला, निर्वाचन क्षेत्र नं ३ मा ५९ हजार ९५० पुरुष र ५० हजार ८८६ महिला, निर्वाचन क्षेत्र नं ४ मा ६० हजार १५० पुरुष र ४७ हजार ४५६ महिला कायम भएका निर्वाचन अधिकारी झाले बताइन् । यसैगरी, ३४ हजार २५२ नयाँ मतदाता थपिएका छन् । योसँगै जिल्लामा मतदाता सङ्ख्या चार लाख ३१ हजार २८२ पुगेको छ । यसअघि जिल्लामा तीन लाख ९७ हजार ३० जना मतदाता थिए । अब जिल्लामा २५८ मतदानस्थल र ५३६ मतदान केन्द्र कायम भएका छन् । जिल्लाको निर्वाचन क्षेत्र नं १ मा जम्मा ५९ वटा मतदानस्थल र १३० वटा मतदान केन्द्र कायम भएका छन् । यसैगरी, क्षेत्र नं २ मा ६२ वटा मतदानस्थल र १३३ वटा मतदान केन्द्र, क्षेत्र नं ३ मा ७७ वटा मतदानस्थल र १४२ वटा मतदान केन्द्र, क्षेत्र नं ४ मा ६० वटा मतदानस्थल र १३१ वटा मतदान केन्द्र कायम भएका छन् ।

# मधेसप्रदेशको नामकरण दिवसमा शुभकामना दिँदै सभामुख यादवले के भने ?



**जनकपुर,०३ माघ ।** मधेस प्रदेश सभाका सभामुख राम अशिष यादवले मधेस प्रदेशको ऐतिहासिक नामकरण तथा जनकपुरधामलाई स्थायी राजधानी कायम गरिएको दिवसको अवसरमा शनिबार सम्पूर्ण प्रदेशवासीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।

शुभकामना सन्देशमा सभामुख यादवले नागरिक हक, अधिकार, पहिचान, र सामाजिक न्यायका लागि भएका विभिन्न जनआन्दोलन, मधेस जनविद्रोह, र जनयुद्धमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । उनले शहिदहरूको बलिदान, संघर्ष, र त्यागकै फलस्वरूप मधेस प्रदेशको पहिचान संस्थागत भएको उल्लेख गर्दै उनीहरूले देखाएको बाटोमा हिँड्नु आजको साझा दायित्व भएको बताएका छन् । “सामाजिक न्याय, समानता, स्वाभिमान र समावेशितामा आधारित लोकतान्त्रिक समाज निर्माण आज हाम्रो साझा दायित्व बनेको छ,“ सन्देशमा भनिएको छ ।

सभामुख यादवले संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म अनुरूप मधेस प्रदेशले सुशासन, शान्ति, र समृद्धिको मार्गमा अघि बढ्दै शहिदहरूको सपनालाई साकार पार्ने विश्वास व्यक्त गरेका छन् । यस दिवसले मधेसको पहिचान, स्वाभिमान, र समावेशी लोकतन्त्रको यात्रालाई स्मरण गराउने बताउँदै उनले प्रदेशले सामाजिक न्याय र समृद्ध सुशासनको दिशामा निरन्तर प्रगति गर्ने अपेक्षा राखेका छन् ।

मधेसको बहुजातीय, बहुभाषिक, र बहुसांस्कृतिक विशेषतालाई आत्मसात गर्दै आपसी सद्भाव र एकतामार्फत प्रदेशको दिगो विकासका लागि सबै एकजुट हुन समेत उनले आह्वान गरेका छन् ।

# विभिन्न क्षेत्रमा कार्यरत व्यक्तित्वहरु आजपा प्रवेश



**काठमाडौं,०३ माघ ।** विभिन्न क्षेत्रमा कार्यरत व्यक्तित्वहरु आम जनता पार्टी (आजपा) मा प्रवेश गरेका छन् । २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा आजपाको ‘मोवाइल’ चुनाव चिन्हबाट उनीहरु निर्वाचनमा सहभागी हुनेगरी पार्टी प्रवेश गरेका हुन् । काठमाडौंको कोटेश्वर स्थित आजपाको केन्द्रीय कार्यालयमा आज एक कार्यक्रमका बीच उनीहरुलाई पार्टी अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले पार्टीमा स्वागत गरेका छन् । पार्टी प्रवेश गराउदै उनले एकजुट भएर निर्वाचनमा होमिन आग्रह समेत गरेका छन् । विगत तीन दशकदेखि वामपन्थी राजनीतिमा सक्रिय रहँदै आएका सुनसरी निर्वाचन क्षेत्र नं. १ का लोकप्रिय व्यक्तित्व तथा जागरण स्वतन्त्र मञ्चका संयोजक खगेन्द्र श्रेष्ठ र सुनसरी युवा नेता निरञ्जन ठाकुर आजपामा प्रवेश गरेका हुन् । यसैगरी, रेक्स ईन्टरटेनमेन्टका अध्यक्ष तथा पूर्व राष्ट्र सेवक नेपाली सेनाका सुवेदार खगेश रञ्जित समेत आजपामा प्रवेश गरेको सो पार्टीले जनाएको छ ।

# जनमत पार्टीको दोस्रो महाधिवेशन चैत २०-२१ मा




**काठमाडौं,०३ माघ ।** डा. सीके राउत नेतृत्वको जनमत पार्टीले आफ्नो दोस्रो महाधिवेशन आगामी चैत २० र २१ गते आयोजना गर्ने निर्णय गरेको छ । पार्टीको केन्द्रीय समितिको बैठकले महाधिवेशनको मिति तय गर्नुका साथै तयारीका लागि विभिन्न उपसमितिहरू गठन गरेको हो ।

गत पुस २० गते बसेको केन्द्रीय समिति बैठकले महाधिवेशन आयोजनासम्बन्धी निर्णय लिएको जनमत पार्टीले जनाएको छ । महाधिवेशनको स्थान भने पछि तय गरिने बताइएको

बाँकी तेश्रो पृष्ठमा⇨

नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं । जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं । सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं । छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं । ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं । विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं । जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा